नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६३-४२०२१०

फ्याक्स: ०६३-४२०२११

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं.:

मिति:२०७८/०१/२९

## स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

पछिल्लो समयमा विश्वमा फैलिदै गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा पनि फैलिएको र यस जिल्लामा पनि संक्रमणको दर तिव्र रुपमा बढी सक्रिय संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/१३ को निर्णय तथा मिति २०७८/०१/२९ गतेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र ( DCCMC ) बैठकको सिफारिस तथा जिल्ला सुरक्षा समिति स्याङ्जाको मिति २०७८/०१/२९ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/३१ गते राती १२:०० बजे देखि लागू भई मिति २०७८/०२/१५ गते राति १२:०० बजे सम्म स्याङ्जा जिल्लाभर लागू हुने गरी तपसिल बमोजिमको निषेधाज्ञा आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल:**

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनैपनि व्यक्ति घर बाहिर ननिस्कने ।

२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न, मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, मेला महोत्सव गर्न तथा कुनै प्रकारको खेलकुद प्रतियोगिता सञ्चालन गर्न निषेध गर्ने ।

३. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधन, औषधी तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस तथा संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक स्याङ्जा जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने । तर सिद्धार्थ राजमार्ग हुँदै अन्य जिल्ला जाने यात्रुवाहक सवारी साधनहरु यस जिल्ला भित्र यात्रु चढाउन र ओराल्न नपाउने गरी आवागमन गर्न बाधा नपर्ने ।

४. सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नाँचघर, क्लव, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचाँदी पसल, टेलिरिङ, फुटपाथ पसल लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

५. विवाह, व्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रमहरुमा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्यरुपमा अपनाई (विवाहको हकमा दुवै पक्ष गरी) १५ जना भन्दा बढी सहभागी हुन नपाईने ।

६. औषधी एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने । अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ, निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र बिहान ५:०० बजेबाट ९:०० बजेसम्म मात्र संचालन गर्न पाउने ।

७. स्वास्थ्य-सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकलबाट प्रवाह हुने सेवा बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायहरुबाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।

८. मठ मन्दिरहरु तथा विभिन्न धार्मिकस्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा बाहेक अन्य सम्पूर्ण सामाजिक, सांस्कृतिक र धार्मिक गतिविधिहरु सञ्चालन नगर्ने ।

९. राजश्व संकलन, विपद व्यवस्थापन र सरकारी कामकाजको प्रयोजन बाहेक अन्य सबै प्रकारका बैंकिङ्ग सेवा बन्द गर्ने । अत्यावश्यक काम परी बैंकिङ्ग सेवा आवश्यक पर्ने व्यक्तिको हकमा सम्बन्धित पालिका प्रमुख / उपप्रमुख /प्रमुख प्रशासकीय अधिकृतको लिखित वा मौखिक अनुरोधमा मात्र उक्त पालिकामा रहेको बैंक तथा वित्तीय संस्थाको शाखाबाट बैंकिङ्ग सेवा उपलब्ध गराउने । तर ATM सेवा २४ सै घण्टा खुल्ला राख्नुपर्नेछ।

१०.कामदार तथा सुपरभाइजर यथास्थानमा रही स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरेर मात्र निकास आयोजना सञ्चालन गर्ने ।

प्रमुख जिल्ला अधिकारी